आज  मिति २०७७।१०।२८ गते बुधबार यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को आठौ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ……………………………………………………………………….
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई …………………………………………………………………….
३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ……………………………………………………………………
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या …………………………………………………………………..
५. वडा अध्यक्ष : श्री मदन गौतम ………………………………………………………………………….
६. वडा अध्यक्ष : श्री श्रीप्रसाद सिगु ………………………………………………………………………..
७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ………………………………………………………………….
८. वडा अध्यक्ष : श्री कृष्ण वा यवा …………………………………………………………………………
९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ……………………………………………………………………
१०. का पा सदस्य श्री कामुदा गुरुङ ………………………………………………………………………..
११. का पा सदस्य श्री मेनुका देवी बजगाई ………………………………………………………………..
१२. का पा सदस्य श्री माया कन्दङवा ………………………………………………………………………
१३. का पा सदस्य श्री विष्णुकला उभरकोटी ……………………………………………………………….
१४. का पा सदस्य श्री टिकाराम धमला ……………………………………………………………………..
१५. का पा सदस्य श्री दुर्गामाया परियार …………………………………………………………………..
१६. सदस्य सचिव श्री बिक्रम लिम्बु ………………………………………………………………………..

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई...................................................................
१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना........................................................

**<u>प्रस्तावहरु :-</u>**

**१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।**
**२. स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमका लागी आयोजना छनौट सम्बन्धमा ।**
**३. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि सम्बन्धमा ।**
**४. बाली पकेट विकास कार्यक्रमका लागी प्रस्ताव छनौट सम्बन्धमा ।**
**५. आगामी हिउँदे अधिवेशन सम्बन्धमा ।**
**६. बिविध ।**

**<u>निर्णय नं. - १</u>**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वियन गर्ने/गराउने निर्णय समेत गरियो ।

**<u>निर्णय नं. - २</u>**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग अन्तर्गत प्रादेशिक एवम स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यक्रम समन्वय ईकाइ ललितपुरको मिति २०७७/१०/२१ गते प्रकाशित सडक पहिचान गरी पठाउने सूचनाका सम्बन्धमा प्रादेशिक एवम स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३ बमोजिम यस गाउँपालिकाको **सल्लेरी-सुभाङ-पञ्चमी हुँदै अमरपुर जोड्ने कालोपत्रे सडक** आयोजनालाई छनौट गरी पठाउने निर्णय गरियो । उक्त सडकलाई यस आर्थिक वर्षमा प्रदेश समपुरक अनुदान बजेट विनियोजन भई कार्यान्वयनमा रहेको तथा गाउँपालिकाको केन्द्रलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने छोटो, सहज र सरल तथा पहुँच भएको, DPR भईसकेको र IEE प्रतिवेदन सम्पन्न हुने प्रकृयामा रहेको हुँदा यसै सडकलाई सर्वसम्मतिले निर्णय गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं.- ३</u>**

वातावरण संरक्षण ऐन, २०७६ र नियमावली २०७६ तथा प्रदेश नं १ प्रदेश वातावरण संरक्षण नियमावली २०७७ अनुरुप यस गाउँपालिकाको सातौ गाउँसभा (मिति २०७७/०३/१०) द्वारा अनुमोदन भई राजपत्रमा प्रकाशित यस गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूना कानुनको रुपमा पठाईदिएको गाउँपालिका/नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ लाई दूरुस्तै यसै कार्यपालिका बैठक द्वारा पारित गरी राजपत्रमा प्रकाशन पश्चात तूरुन्तै कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. - ४**

आ.व. २०७७/७८ मा हिलिहाङ गाउँपालिकालाई सशर्त कृषि कार्यक्रमको रुपमा आएको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रम अन्तर्गत राष्ट्रिय र स्थानीय महत्वका खाध्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) सञ्चालनका लागि रु २४,००,०००/- (अक्षरेपी रु चौविस लाख मात्र) रकम विनियोजित भई आएको हुँदा यस कार्यालयले पकेट क्षेत्र निर्धारणका लागि मिति २०७७/०९/२७ गते प्रकाशन गरेको सूचना बमोजिम तोकिएको म्याद भित्र पेश हुन आएका प्रस्तावहरु मध्येबाट तपशिल अनुसारका कृषक समुह/सहकारी संस्था लाई पकेट क्षेत्र सञ्चालनका लागि छनौट गर्ने निर्णय गरियो। छनौट भएका ४ वटा समुह तथा संस्थाहरुलाई प्रति संस्था रु ६,००,०००/- (अक्षरेपी रु छ लाख मात्र) का दरले रकम विनियोजन गर्ने निर्णय गरियो।

तपशिल:-

| | | | |
|---|---|---|---|
| क. श्री सृजनशिल कृषक समुह | वडा नं. २ | अकबरे खुर्सानी | रु ६००००० |
| ख. श्री हातेमालो कृषक समुह | वडा नं. ३ | टमाटर | रु ६००००० |
| घ. श्री जागरुक कृषक समुह | वडा नं. ५ | अदुवा | रु ६००००० |
| ङ. श्री केराबारी कृषि सहकारी संस्था | वडा नं. ६ | तरकारी | रु ६००००० |

**निर्णय नं - ५**

आर्थिक वर्ष २०७७/७८ को हिउँदे अधिवेशनको उद्घघाटन मिति २०७७ फाल्गुण १० गते हिलिहाङ गाउँपालिका वडा नं. ३ गोपेटार स्थित शेर्पा भवन मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ६**

हिलिहाङ गाउँपालिका वडा नं. ४ स्थित मझैटार आ वि का प्रधानाध्यापक श्री शेर बिक्रम मेयङबा लिम्बु हाल क्यान्सर रोगबाट पीडित भई तुरुन्तै उपचार गराउनु पर्ने अवस्था भएकोले निजलाई यसै बैठकको निर्णय द्वारा रु २०,०००/- (अक्षरेपी रु बीस हजार मात्र) आर्थिक सहयोग स्वरुप प्रदान गर्ने निर्णय गरियो।